# थुलुङ दुधकोशी राजपत्र

**थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुद्वारा प्रकाशित**

**खण्डः ८, संख्याः ११, थुलुङ दुधकोशी गाउँपालिका, मितिः२०८१/११/१९**


**भाग २**

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI) सम्बन्धी कार्यविधि, २०८१

*कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/११/१९*

**प्रस्तावनाः** थुलुङ दुधकोशी प्राविधिक शिक्षालयले सबै विद्यार्थी, प्रशिक्षक, कर्मचारी तथा सरोकारवालाहरूलाई समान अवसर तथा विभेदरहित शैक्षिक वातावरण उपलब्ध गराउने उद्देश्य राख्दछ। यस कार्यविधिले शिक्षालयमा लैंगिक समानता र सामाजिक समावेशीकरण (GESI) संस्थागत गर्न मार्गदर्शन गर्नेछ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नार र प्रारम्भः**

(क) यस कार्यविधीको नाम थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यविधि, २०८२ रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यविधि, २०८२ बुझ्नुपर्छ।

(ख) “गाउँपालिका” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकालाई जनाउँदछ।

(ग) “शिक्षालया” भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षाललालाई जनाउँछ।

(घ) “व्यवस्थापन समिति” भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षाललको व्यवस्थापन समितिलाई जनाउँछ।

(ङ्ग) “GESI focal person” भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयद्वारा चयन गरिएको सम्पर्क व्यक्तिलाई जनाउँछ।

(ट्) “विद्यार्थी” भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयमा अध्ययनरत छात्र-छात्रालाई जनाउँदछ।

(ज) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु।

(ख) लैंगिक समानता र सामाजिक समावेशीकरणका सिद्धान्तहरू शिक्षालयका नीतिगत तहमा लागू गर्नु।

(ग) वञ्चित समुदायका विद्यार्थीहरूको सहभागिता र उपलब्धि वृद्धि गर्नु।

## परिच्छेद — २

## कार्य क्षेत्र तथा संचालन

**३. कार्य क्षेत्रहरूः** (१) प्रशासनिक संरचनाको व्यवस्था देहायबमोजिम हुनेछः

(क) शिक्षालयमा GESI focal person (सम्पर्क व्यक्ति) तोकिनेछ।

(ख) GESI समिति गठन गरिनेछ, जसमा निम्न सदस्य रहनेछन्:

| | |
|---|---|
| शिक्षालय कर्मचारी प्रतिनिधि | समितिको संयोजक |
| महिला कर्मचारी प्रतिनिधि | सदस्य |
| दलित/जनजाति प्रतिनिधि | सदस्य |
| विद्यार्थी प्रतिनिधि | सदस्य |

(ग) सबै नीतिहरूमा लैंगिक समान भाषा प्रयोग गरिनेछ।

(२) विद्यार्थी भर्ना र छात्रवृत्ति नीतिः दलित, जनजाति, अपाङ्गता भएका विद्यार्थीहरूका लागि आरक्षित कोटा लागू गरिनेछ। आर्थिक रूपमा कमजोर विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ। छात्रवृत्तिको मापदण्ड स्पष्ट, निष्पक्ष र पारदर्शी बनाइनेछ।

(३) पठनपाठन र पाठ्यक्रमः पाठ्यक्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी विषयवस्तु समावेश गर्ने पहल गरिनेछ। प्रशिक्षक र कर्मचारीहरूलाई GESI सम्बन्धी अभिमुखीकरण तालिम दिइनेछ।

(४) भौतिक पूर्वाधारः महिला तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य शौचालय, र्याम्प तथा भवन प्रवेशमार्ग बनाईनेछ | शिक्षालयका सबै पूर्वाधार सुलभ र समावेशी बनाइने प्रयास गरिनेछ। प्रत्येक महिला कर्मचारी तथा विधार्थीहरुलाई वर्षमा १ पटक ६ जोडा स्यानिटरी प्याड उपलब्ध गरईनेछ |

(५) सुरक्षित र समावेशी वातावरणः यौन दुर्व्यवहार, उत्पीडन, हिंसाबाट सुरक्षित वातावरण सिर्जना गरिनेछ। गुनासोका लागि गोपनीय गुनासो बक्स र GESI focal person मार्फत रिपोर्टिङको व्यवस्था हुनेछ। गुनासो समाधान समितिले १५ कार्यदिवस भित्र समाधानको निर्णय लिनेछ।

## परिच्छेद-३

## विविध

**४. अनुगमन र मूल्याङ्कनः** हरेक शैक्षिक वर्षको अन्त्यमा GESI कार्यान्वयनको समीक्षा प्रतिवेदन तयार गरिनेछ। विद्यार्थी, प्रशिक्षक, कर्मचारीहरूको सल्लाह/प्रतिक्रिया संकलन गरी सुधार गरिनेछ।

**५. विशेष प्रावधानहरूः** शिक्षालयका सबै कार्यक्रम, गोष्ठी, तालिमहरूमा महिला, दलित, जनजाति, अपाङ्गता भएका प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गरिनेछ। सामुदायिक सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछन् जसले अभिभावक र समुदायमा GESI को महत्व बुझाउनेछ।

**६. कार्यविधिमा परिमार्जन तथा संशोधनः** क) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै समस्या देखिएमा प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार परिमार्जन र संशोधन गर्न सकिनेछ।

ख) यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची -१**

**दफा ३.२ ले व्यवस्था गरेबमोजिम**

| क्र.स. | छात्रबृति प्रकार | छात्रबृति | संख्या | छनौट आधार | कैफियत |
|---|---|---|---|---|---|
| १. | जेहेन्दार छात्रवृति (CTEVT बाट निर्धारित ) | १००% | १ जना | • डिप्लोमा ईन सिभिल ईन्जिनियारिङ प्रवेश परीक्षा प्रथम<br>• प्रत्येक सेमेस्टरको अन्तिम सेमेस्टर परिक्षामा प्रथम | • पहिलो सेमेस्टरको शुल्कमा मात्र १००% छुट<br>• नतिजा प्रकाशित हुँदा अध्ययन गरीरहेको सेमेस्टर शुल्कमा मात्र १००% छुट |
| २. | उत्कृष्ट विधार्थी छात्रबृति | १००% | २ जना | • SEE मा ३.५ देखि ४ GPA सम्म प्राप्त | | • पूर्ण छात्रबृति |
| ३. | दलित छात्रबृति | ५०% | २ जना | • SEE मा प्राप्त GPA र प्रवेश परीक्षाको नतिजाको आधारमा छनौट गरिने | | |
| ४. | अपाङ्ग छात्रबृति | ५०% | २ जना | • SEE मा प्राप्त GPA र प्रवेश परीक्षाको नतिजाको आधारमा छनौट गरिने | | |
| ५. | गरिव विपन्न | ५०% | ९ जना | • SEE मा प्राप्त GPA र प्रवेश परीक्षाको नतिजाको आधारमा छनौट गरिने ।<br>• थुलुङ दुधकोशी गा.पा स्थानीय ठेगाना भएको ।<br>• वडाको गरिव विपन्न सिफारिस । | |
| ६. | सीमान्तकृत छात्रबृति | ५०% | २ जना | • SEE मा प्राप्त GPA र प्रवेश परीक्षाको नतिजाको आधारमा छनौट गरिने ।<br>• वडाको सिमान्तकृत सिफारिस । | |
| ७. | डिप्लोमा ईन सिभिल ईन्जिनियारिङ | ५०% | ६ जना | • SEE मा प्राप्त GPA र प्रवेश परीक्षाको नतिजाको आधारमा छनौट गरिने ।<br>• थुलुङ दुधकोशी गा.पा. भन्दा बाहिरबाट आएको विधार्थीहरु लाई। | |
| **जम्मा** | | | २४ | | |